# ७५. जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर

१. **आर्थिक कारोबार** – यो वर्ष जिम्मेवारी सहित रु.३ करोड ८९ लाख ३६ हजार आय भएकोमा रु.३ करोड २५ लाख ७० हजार खर्च भएको छ । विस्तृत विवरण अनुसूची १ मा उल्लेख छ ।

२. **जिम्मेवारी** – गत वर्षको अन्तमा रु.४८ लाख ५५ हजार मौज्दात रहेकोमा यो वर्ष रु.२७ लाख ११ हजार जिम्मेवारी सारी रु.२१ लाख ४४ हजार घटी जिम्मेवारी सारेको छ । विगत वर्षको रु.३२ लाख ९१ हजार समेत रु.५४ लाख ३५ हजार घटी जिम्मेवारी सारेकोमा छानबिन गरी कारबाही हुनुपर्दछ ।

३. **मौज्दात** – स्रेस्ता अनुसार रु.६३ लाख ६६ हजार मौज्दात देखाएकोमा बैङ्क हिसाव तयार गरेको छैन र बैङ्क मौज्दात प्रमाण समेत पेश गरेको छैन ।

४. **अग्रिम कर** – आयकर ऐन, २०५८ अनुसार विभिन्न आपूर्तकहरुसँग रु.२ लाख ६७ हजार अग्रिम कर कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

५. **प्रशासनिक खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४५ अनुसार जिल्ला विकास समितिले ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रु.८८ लाख ८६ हजारको २५ प्रतिशतले रु.२२ लाख २१ हजारसम्म प्रशासनिक कार्यमा खर्च गर्नपाउनेमा रु.७५ लाख ३३ हजार (८४.७७ प्रतिशत) खर्च गरी रु.५३ लाख १२ हजार बढी खर्च गरेको छ ।

६. **अन्य कार्यालयको खर्च** – जिल्ला विकास समितिले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थित सरकारी कार्यालयको खर्च व्यहोर्न नपर्नेमा १८ कार्यालयलाई रु.१० लाख ४१ हजार भुक्तानी दिएको छ ।

७. **तिहार खर्च** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५० अनुसार जिल्ला विकास समितिले आफ्नो स्रोत, साधन र प्रशासनिक बजेटको परिधिभित्र रही आफ्ना कर्मचारीहरुलाई थप सुविधा दिनसक्ने व्यवस्था भएकोमा प्रशासनिक बजेटको सीमा नाघी निश्चित मापदण्ड बेगर स्थानीय विकास अधिकारी समेत ३९ कर्मचारीलाई तिहार खर्च रु.२ लाख ३ हजार भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

८. **कर दस्तुर** – महाकाली नदी गिट्टीछानको न्यूनतम अङ्क रु.२१ लाख २० हजारभन्दा २४.३९ प्रतिशत घटी कबोल गर्ने एक ठेकेदारको कबोल अङ्क रु.१६ लाख ३ हजार स्वीकृत गरेको छ । न्यूनतम अङ्कभन्दा घटीको ठेक्का स्वीकृत गर्दा कारण उल्लेख गरेको छैन । सहभागितात्मक विकास शुल्क र निकासी शुल्कको ठेक्का बन्दोबस्त गर्दा एक ठेकेदारसँग रु.२५ लाखमा सम्झौता भएकोमा रु.१८ लाख २६ हजारमात्र असुल भएको छ । उक्त ठेक्काको २०६२।१।४ सम्म म्याद रहेको रु.४ लाख ५० हजारको बैङ्क जमानी माग गरी ठेक्का सम्झौता रद्द गरी धरौटी जफतको कारबाही गर्नुपर्नेमा जमानी रकम माग गरेको छैन । यो वर्ष ठेकेदारबाट रु.८ लाख ३२ हजार असुल हुन बाँकी रहेकोमा जिल्ला विकास समितिले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६० अनुसार सरकारी बाँकी सरह असुल उपर गर्नेतर्फ कारबाही गरेको छैन ।

९. **राजस्व बाँडफाँड** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ अनुसूची २६ मा राजस्व बाँडफाँड स्वरुप प्राप्त हुने रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने उल्लेख छ । मालपोत, बन राजस्व र रजिष्ट्रेशन दस्तुर समेत रु.१ करोड ३ लाख ६४ हजार प्राप्त भएकोमा कार्यालयले राजस्व बाँडफाँडको आम्दानी खर्चको छुट्टै अभिलेख नराखी आन्तरिक स्रोतको आम्दानी खर्च खातामा राखेको पाइयो ।

१०. **थप सुविधा** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५०(३) अनुसार प्रशासनिक खर्चको परिधिभित्र रही कर्मचारीहरुलाई थप सुविधा दिनुपर्नेमा प्रशासनिक खर्चको सीमाभन्दा रु.५३ लाख १२ हजार बढी खर्च गरेको पाइयो । उक्त खर्चमध्ये कर्मचारीहरुलाई त्रैमासिक भत्ता उपलब्ध गराई रु.२ लाख ८ हजार खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

११. **सापटी** – जिल्लास्थित ३ कार्यालयलाई दिएको सापटी रु.१९ लाख २० हजार वर्षान्तसम्ममा शोधभर्ना भएको छैन ।

१२. **पेश्की** – गत वर्षसम्मको पेश्की रु.१ करोड ४० लाख १ हजारमध्ये रु.१ करोड ३९ लाख ६७ हजार जिम्मेवारी सारेको छ । गत वर्षको पेश्कीमध्ये रु.११ लाख ८० हजार फछ्र्यौट भई बाँकी रहेको रु.१ करोड २७ लाख ८७ हजारमा यो वर्षको रु.८ लाख ३ हजार थप भई आर्थिक वर्षको अन्तमा रु.१ करोड ३५ लाख ९० हजार पेश्की बाँकी रहेको छ ।

१३. **धरौटी** – आर्थिक वर्षको अन्तसम्म रु.८ लाख २२ हजार धरौटी बाँकी रहेको छ । धरौटीको बैङ्क नगदी किताव अनुसार रु.११ लाख ३६ हजार मौज्दात रहेकोमा आर्थिक विवरणमा रु.८ लाख २२ हजार मौज्दात देखाएकोले फरक रु.३ लाख १४ हजारको सम्बन्धमा कारण स्पष्ट गरेको छैन ।

१४. **बेरुजू** – वेरुजू वर्गीकरण अनुसूची २ मा छ ।

१५. **स्थानीय विकास कोष**

१५.१. **आर्थिक कारोबार** – यो वर्ष जिम्मेवारी सहित रु.१ करोड ८६ लाख २८ हजार आय भएकोमा रु.६८ लाख ३८ हजार खर्च भएको छ । विस्तृत विवरण अनुसूची ५ मा उल्लेख छ ।

१५.२. **जिम्मेवारी** – गत वर्ष रु.१ करोड १० लाख १६ हजार मौज्दात रहेकोमा यो वर्ष रु.१ करोड ४३ लाख ६० हजार जिम्मेवारी सारेको छ । फरक रु.३३ लाख ४४ हजारका सम्बन्धमा कार्यालयले स्पष्ट गरेको छैन ।

१५.३. **गरिबी निवारण** – पश्चिम तराई गरिबी निवारण परियोजनाबाट गरिबी निवारण कार्यक्रम सञ्चालन गर्न विनियोजित रु.९० लाख ८० हजार कार्यक्रमको उद्देश्य अनुरुप लगानी नगरी परियोजनाले स्थानीय विकास कोषमा ट्रान्सफर गरी मौज्दात राखेको छ । निर्धारित कार्यक्रममा स्वीकृत रकम परिचालन नगरी निष्क्रिय राख्नु उचित होइन ।

१५.४. **तिहार खर्च** – कर्मचारीहरुलाई दशैं खर्च बाहेक अन्य चाडपर्व खर्च दिनमिल्ने कानूनी व्यवस्था नभएकोमा वरिष्ठ सामाजिक परिचालक समेत १० कर्मचारीलाई तिहार खर्च भनी रु.९५ हजार वितरण गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

१५.५. **ऋण असुली** – कोषबाट वितरण भई उठ्न बाँकीमध्ये रु.२ लाख ९८ हजार भाखा नाघेको ऋण रहेको छ । स्थानीय विकास कोष विनियमावली अनुसार निर्धारित समयमा ऋण चुक्ता नगरेमा एक प्रतिशत हर्जाना समेत असुल गर्नुपर्ने व्यवस्था अनुसार असुलीको कारबाही हुनुपर्दछ ।

१५.६. **पेश्की** – आर्थिक वर्षको अन्तमा रु.२ लाख ५८ हजार पेश्की बाँकी रहेको छ ।

१५.७. **बेरुजू** – बेरुजू वर्गीकरण अनुसूची ६ मा छ ।